# उज्यालो नेपाल पार्टी

संघीय कार्यालय, काठमाडौं, नेपाल

स्थापित-२०८२

## पार्टी परिपत्र

उज्यालो नेपाल पार्टीका केन्द्रीय कमिटी सदस्य, प्रदेश कमिटी, जिल्ला कमिटी, स्थानीय तह कमिटी, प्रवास कमिटी, भातृ तथा जनवर्गीय संगठनका सबै जिम्मेवार नेता तथा कार्यकर्ताहरू,

पार्टीको केन्द्रीय कार्यालयमा २०८२ साल फागुन २९ र ३० गते सम्पन्न केन्द्रीय समीक्षा बैठक सफलतापूर्वक सम्पन्न भएको जानकारी गराइन्छ । पार्टी अध्यक्ष श्री कुलमान घिसिङको अध्यक्षता तथा वरिष्ठ नेता श्री अनुप कुमार उपाध्यायको उपस्थितिमा सम्पन्न उक्त बैठकमा प्रतिनिधिसभा निर्वाचन २०८२ को समग्र समीक्षा, पार्टीको वर्तमान राजनीतिक अवस्था, संगठनात्मक चुनौती, वैचारिक स्पष्टता, आगामी कार्यदिशा तथा पार्टी निर्माणका तात्कालिक, मध्यकालीन र दीर्घकालीन कार्यभारका विषयमा गहन, खुला, आत्मआलोचनात्मक र निष्कर्षमुखी छलफल भएको छ ।

बैठकमा अत्यन्त छोटो समय, सीमित स्रोतसाधन, प्रारम्भिक संगठनात्मक अवस्था, चुनावको मुखमा उत्पन्न राजनीतिक जटिलता, पार्टी एकताको प्रश्न, चुनाव चिह्नसम्बन्धी अन्योल, डिजिटल माध्यम मार्फत प्रचार प्रसारमा कमजोरी, मतदाता मनोविज्ञान तथा प्रतिकूल चुनावी माहोलका बाबजुद पनि उज्यालो नेपाल पार्टीले देशव्यापी रूपमा सम्मानजनक उपस्थिति र जनमत हासिल गरेको निष्कर्ष निकालिएको छ । यो परिणामलाई केवल हारका रूपमा होइन, भविष्यको बलियो राजनीतिक आधार, बीउ, सम्भावना र संगठन निर्माणको प्रारम्भिक पूँजीका रूपमा लिनुपर्ने साझा समझदारी बनेको छ । साथै, यसले पार्टीका संगठनात्मक, रणनीतिक, संरचनात्मक, वैचारिक र सञ्चारसम्बन्धी कमजोरीहरूलाई स्पष्ट रूपमा देखाएकोले अब थप जिम्मेवारी, अनुशासन र स्पष्ट कार्ययोजनासहित अघि बढ्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

केन्द्रीय समीक्षा बैठकबाट निम्नानुसार निष्कर्ष, निर्देशन र निर्णयहरू कार्यान्वयनका लागि परिपत्र जारी गरिएको छः

- पार्टीको सचिवालय, विभाग, आयोग, सल्लाहकार कमिटी, प्रदेश, जिल्ला, स्थानीय तह र प्रवास कमिटीसम्मका संरचनाहरू छिटो, व्यवस्थित, दिगो, कार्यमुखी र उत्तरदायी ढंगले निर्माण तथा सक्रिय बनाउन सबै तहले तत्काल काम सुरु गर्ने ।
- पार्टी व्यक्तिमुखी ढंगले होइन, नीति, विधि, संगठन, जिम्मेवारी, प्रतिवेदन र समन्वयमुखी ढंगले सञ्चालन गर्ने स्पष्ट पद्धति विकास गर्ने ।
- केन्द्रीय, प्रदेश, जिल्ला, स्थानीय तथा प्रवास संरचनाबीच स्पष्ट चेन अफ कमाण्ड, लिखित जिम्मेवारी बाँडफाँड, नियमित प्रतिवेदन प्रणाली, अभिलेखीकरण र कार्यसम्पादन अनुगमनको व्यवस्था लागू गर्ने ।
- पार्टी सञ्चालन, संगठन विस्तार, जनसम्पर्क, प्रशिक्षण, मिडिया, अभियान र चुनावी तयारीका लागि कम्तीमा २० जना पूर्णकालीन जनशक्ति तयार गर्ने दिशामा ठोस योजना बनाउने ।
- संगठन विस्तारलाई आक्रामक रूपमा अगाडि बढाउँदै आगामी ६ महिनाभित्र प्रत्येक केन्द्रीय सदस्यले कम्तीमा २,००० सदस्य, प्रत्येक प्रदेश समिति सदस्यले १,००० सदस्य र प्रत्येक

जिल्ला समिति सदस्यले ५०० सदस्यता विस्तार गर्नुपर्नेछ। समिति सदस्यहरूको मूल्यांकनको मुख्य आधार सदस्यता विस्तार, संगठन निर्माण र कार्यगत सक्रियता हुने।

- विधान, प्रतिबद्धता पत्र, राजनीतिक दस्तावेज, समसामयिक राष्ट्रिय मुद्दा तथा पार्टीको आधिकारिक धारणा अध्ययन गरी सबै तहका नेता, उम्मेदवार, पदाधिकारी र कार्यकर्ताले एउटै भाषा, एउटै राजनीतिक सन्देश र साझा लाइनका साथ बोल्ने वातावरण निर्माण गर्न पार्टी प्रशिक्षणलाई प्रभावकारी रुपमा संचालन गर्ने।
- वडा तहसम्म चरणबद्ध प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, प्रशिक्षण पाठ्यसामग्री विकास गर्ने, राजनीतिक शिक्षा, संगठन सञ्चालन, अनुशासन, सार्वजनिक प्रस्तुति, प्रतिवाद क्षमता, निर्वाचन परिचालन र अभियान व्यवस्थापनमा व्यवहारिक क्षमता विकास गर्ने।
- सामाजिक सञ्जाल, डिजिटल प्रचारप्रसार, कन्टेन्ट निर्माण, मिडिया परिचालन, अल्गोरिदम, भाष्य निर्माण तथा पार्टीविरुद्ध बन्न सक्ने नकारात्मक प्रचार चिर्न सक्ने प्रभावकारी संयन्त्र सबै तहमा विकास गर्ने।
- प्रत्येक प्रदेश, जिल्ला, पालिका र वडाले डिजिटल स्वयंसेवक, मिडिया सम्पर्क व्यक्ति, सामाजिक सञ्जाल परिचालनकर्ता र जनसम्पर्क टोली तोकी तत्काल परिचालन गर्ने।
- फिजीकल (भौतिक) र डिजिटल दुवै अभियानलाई समान प्राथमिकता दिँदै पार्टीको एजेन्डा, सन्देश, नेतृत्व, संगठन र स्थानीय मुद्दालाई जनतामाझ निरन्तर पुऱ्याउने।
- प्रत्येक उम्मेदवारले आफ्ना मतदाता, समर्थक र सम्पर्कमा रहेका नागरिकसम्म पुगेर धन्यवाद व्यक्त गर्ने, निरन्तर प्रचारप्रसार गर्ने र त्यसै आधारमा आफ्नो क्षेत्रमा संगठन विस्तारलाई थप मजबुत बनाउने कार्यमा सक्रिय रूपमा लाग्ने।
- आगामी प्रदेश तथा स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै तत्काल उम्मेदवार पहिचान, क्षेत्रगत अध्ययन, प्रशिक्षण, जनसम्पर्क, चुनावी अभियान, स्रोत व्यवस्थापन र दीर्घकालीन चुनावी तयारी सुरु गर्ने।
- चुनावलाई केवल मतदानको केही दिनको घटनाका रूपमा नलिई हरेक दिनलाई चुनावको दिनजस्तै रूपमा लिएर संगठन, जनसम्पर्क, अभियान र एजेन्डा निर्माणमा निरन्तर लाग्ने।
- प्रत्येक निर्वाचन क्षेत्र, पालिका र वडाले स्थानीय मुद्दा पहिचान गरी स्थानीय मुद्दामा आधारित राजनीतिक, सामाजिक र जनमुखी काम अघि बढाउने।
- युवा, महिला, विद्यार्थी, पेशागत समूह, प्रवासी नेपाली तथा स्थानीय समुदायसँग पार्टीको सम्बन्ध अझ घनिष्ठ बनाउने र उनीहरूलाई पार्टी निर्माणमा जिम्मेवारीसहित जोड्ने।
- उत्पादन, पूर्वाधार, स्वास्थ्य शिविर, लागुऔषधविरुद्ध अभियान, सरसफाइ, श्रमदान, हस्ताक्षर अभियान, जनचेतनामूलक कार्यक्रम, स्थानीय समस्याको समाधानमुखी पहल र साना डेलिभरीमुखी सामाजिक काममार्फत जनविश्वास विस्तार गर्ने।
- हरेक कमिटी अब केवल बैठक, कागज र पदमा सीमित नरही जनताबीच पुग्ने कार्यक्रम, अभियान र प्रत्यक्ष कामको आधारमा मूल्यांकन हुने व्यवस्था विकास गर्ने।
- पार्टी कुनै जाति, क्षेत्र वा समूह विशेषको पार्टी होइन, समावेशी, राष्ट्रिय, जिम्मेवार मुलधारको राजनीतिक शक्ति हो भन्ने सन्देश व्यवहार, संरचना, प्रतिनिधित्व र सार्वजनिक प्रस्तुतीकरणमार्फत स्पष्ट रूपमा स्थापित गर्ने।
- समावेशिता, महिला सहभागिता, विविध समुदायको प्रतिनिधित्व र सामाजिक पहुँचलाई पार्टी निर्माणको केन्द्रमा राख्ने, जातीय छवि वा संकुचित धारणालाई राजनीतिक र व्यवहारिक दुवै तहमा चिर्ने।

- रास्वपासँग जाने र फर्किने प्रक्रियाबाट मतदातामा परेको भ्रम, उक्त समय बाह्र दिनसम्म विकसित राजनीतिक अन्योल, तथा त्यसले पार्टीको स्वतन्त्र राजनीतिक पहिचानमा पारेको प्रभावबाट गम्भीर राजनीतिक सिकाइ लिँदै भविष्यमा यस्ता विषयमा संस्थागत स्पष्टता, पर्याप्त तयारी, लिखित निर्णय र समयमै सञ्चारको अभ्यास अपनाउने ।
- पार्टी एकता, समायोजन तथा अन्य दलबाट आएका व्यक्तिहरूलाई समेट्ने प्रक्रियामा स्पष्ट मापदण्ड, राजनीतिक स्पष्टता, रणनीति, पृष्ठभूमि मूल्यांकन र संगठनात्मक सावधानी अपनाउने ।
- बिना तयारी, बिना स्पष्टता र बिना संरचनात्मक योजना गरिने राजनीतिक कदमहरूले भ्रम, अन्योल र असन्तोष सिर्जना गर्न सक्ने भएकाले अब यस्ता विषयमा संस्थागत निर्णय, अभिलेख, पर्याप्त परामर्श र समयसापेक्ष कार्यान्वयनलाई अनिवार्य आधार बनाउने ।
- चुनाव चिह्नसम्बन्धी अन्योल, दुई चिह्नका कारण उत्पन्न मतदाता भ्रम र बदर मतको अनुभवलाई गम्भीर रूपमा लिँदै भविष्यमा मतदाता शिक्षा, चिह्न प्रचार, दृश्य सामग्री र घरदैलो सन्देशलाई अझ स्पष्ट, एकरूप र प्रभावकारी बनाउने ।
- सदस्यता विस्तारसँगै सदस्यताको व्यवस्थित अभिलेखीकरण, पार्टी प्रवेश गराइएका व्यक्तिहरूको नियमित सदस्यतामा रूपान्तरण, डेटा व्यवस्थापन र सक्रिय सदस्यको प्रोफाइल निर्माण गर्ने ।
- आर्थिक सुदृढीकरणलाई पार्टी निर्माणको आधारभूत आवश्यकता मानी सदस्यता शुल्क, नियमित आर्थिक योगदान, आर्थिक अनुशासन, स्रोत व्यवस्थापन र आर्थिक विभाग सुदृढीकरणलाई सबै तहमा अनिवार्य लागू गर्ने ।
- केन्द्रीय कमिटी सदस्यहरूले प्रत्येक महिना कम्तीमा रु. ५,००० केन्द्रीय कार्यालयमा लेवी बुझाउने निर्णय तत्काल कार्यान्वयन गर्ने ।
- प्रदेश, जिल्ला, स्थानीय तथा प्रवास कमिटीहरूका सदस्यहरूले अनिवार्य मासिक लेवी बुझाउने, तर लेवी रकम सम्बन्धित कमिटीले आफ्नो संरचना, क्षमता र आवश्यकताअनुसार तोक्ने ।
- पार्टीको समग्र विकासका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिक कार्ययोजना तयार गरी सोहीअनुसार प्रत्येक तहले कार्यान्वयन तालिका, जिम्मेवारी र समयसीमा निर्धारण गर्ने ।
- पार्टीलाई आत्मआलोचनासहित पुनर्संरचना, पुनर्संगठन, सुदृढीकरण र विस्तारको दिशामा लैजाने; निराशा होइन, अनुशासित निर्माण, निरन्तर काम र राजनीतिक धैर्यलाई मूल आधार बनाउने ।
- केन्द्रीय समीक्षा बैठकबाट प्राप्त सुझाव, अनुभव, गुनासा, समीक्षा र आत्मसमीक्षालाई केन्द्रीय निष्कर्ष मानी प्रत्येक तहले आफ्नो कमिटीमा छलफल गरी कार्यान्वयन योजना तयार गर्ने ।
- पार्टी विधान संशोधनका लागि विधान संशोधन अध्ययन कमिटी गठन गरिएको जानकारी सबै तहमा प्रवाह गर्ने र विधान सुधारसम्बन्धी सुझाव व्यवस्थित रूपमा पठाउने ।
- पार्टीको सचिवालय १ हप्ताभित्र गठन गरिने र सचिवालय गठनपछि सम्बन्धित जिम्मेवारीहरू स्पष्ट रूपमा कार्यान्वयनमा ल्याइने ।
- ६ महिनाभित्र सबै वडातहसम्म कमिटी गठन गर्ने, संगठनात्मक उपस्थितिलाई देशव्यापी रूप दिने तथा कम्तीमा २ लाख सदस्य बनाउने लक्ष्यसहित सबै तहले ठोस अभियान सञ्चालन गर्ने ।

- यसअघि भएका पार्टी एकताहरूलाई पुनरावलोकन गरी समयसापेक्ष, राजनीतिक स्पष्टता र संगठनात्मक हितअनुकूल ढंगले कार्यान्वयन गर्ने ।
- निर्वाचन शान्तिपूर्ण तथा सफलतापूर्वक सम्पन्न गराउन भूमिका निर्वाह गर्ने वर्तमान सरकारलाई धन्यवाद, आगामी सरकारलाई सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्ने, साथै लोकतान्त्रिक मूल्यमान्यताअनुसार रचनात्मक खबरदारी गर्दै अघि बढ्ने ।

अतः पार्टीका सबै तह, सबै कमिटी, सबै जिम्मेवार नेता तथा कार्यकर्ताहरूलाई माथिका निष्कर्ष, निर्देशन र निर्णयहरूलाई गम्भीरतापूर्वक कार्यान्वयन गर्न, आत्मआलोचनासहित नयाँ संकल्पका साथ संगठन निर्माणमा जुट्न, जनतासँग निरन्तर सम्बन्ध विस्तार गर्न, पार्टीको वैचारिक स्पष्टता र संगठनात्मक अनुशासन मजबुत बनाउन, तथा उज्यालो नेपाल पार्टीलाई राष्ट्रिय मूलधारको समावेशी, अनुशासित र परिणाममुखी राजनीतिक शक्तिका रूपमा विकास गर्न आआफ्नो क्षेत्रबाट पूर्ण जिम्मेवारीका साथ लाग्न यो परिपत्रमार्फत निर्देशीत गरिन्छ ।



डा. राजु थापा

प्रवक्ता

मितिः २०८२।१२।०३